राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## नियुक्तिपत्र सम्बन्धी सूचना

मिति २०७९।०७।०६

यस बैंकको निम्न तह र पद र पद संख्यामा पदपूर्ति गर्न मिति २०७८।०७।१४ मा प्रकाशित खुला बिज्ञापन अनुसार श्री लोक सेवा आयोगद्वारा सञ्चालित लिखित परीक्षाबाट उत्तीर्ण भई मिति २०७९।०६।२८ र २९ गते सञ्चालित अन्तर्वार्ता (तह ९ को हकमा प्रस्तुतीकरण परीक्षा समेत) मा सहभागी उम्मेदवारहरु मध्ये यस बैंकको पदपूर्ति समितिको निर्णयानुसार तपसिलका तह र पदमा नियुक्तिका लागि योग्यताक्रम सिफारिस गरिएको सूचना मिति २०७९।०६।२९ मा यस बैंकको सूचनापाटिमा टाँस गरी बैंकको intranet र Website: www.rbb.com.np को Notice को Career notice मा प्रकाशन गरी मिति २०७९।०६।३१ को गोरखापत्र दैनिक मार्फत जानकारी गराईएको । उक्त सूचनामा नियुक्ति पत्र दिने सम्बन्धमा पछि सूचना प्रकाशन गरी जानकारी गराइने छ भनिएकोमा बैंक व्यवस्थापनको निर्णयानुसार मिति २०७९।०७।१६ गते देखि नियुक्ति दिने र नियुक्तिपत्र लिने कर्मचारीहरुलाई सोही दिन देखि पूर्व सेवाकालिन तालिम सञ्चालन गरिने भएको व्यहोरा सम्बन्धित सबैको जानकारीकालागि अनुरोध छ ।

मिति २०७९।०६।२९ मा प्रकाशित सूचना अनुरुप नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारहरुले नियुक्ति पत्र लिनकालागि नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त चिकित्सकबाट प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो र नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु सहित मिति २०७९।०७।१५ गते बिहान ठिक ११:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, मानव संशाधन विभागमा सम्पर्क राख्नु हुन अनुरोध छ । नियुक्ति पत्र मिति २०७९।०७।१६ गते प्रदान गरी सोहि मिति देखि पूर्व सेवाकालिन तालीम सञ्चालन गरिने भएको हुंदा नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुले नियुक्ति पत्र बुझी तालीममा सहभागी हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै नियुक्तिकालागि सिफारिस भएका उम्मेदवारहरु नेपाल सरकार वा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका संघ संस्था वा बैंक तथा वित्तीय संस्थामा कार्यरत भएमा अनिवार्य रुपमा राजिनामा स्विकृत गरेको प्रमाण पेश गर्नु पर्नेछ । मिति २०७९।०७।१६ मा नियुक्ति पत्र बुझी पूर्व सेवाकालिन तालिममा सहभागी हुन नसक्ने सफल उम्मेदवारहरुले नियुक्ति सिफारिस गरिएको सूचना प्रथम पटक प्रकाशित भएको मिति २०७९।०६।२९ ले ३५ (पैंतीस) दिनभित्र नियुक्ति पत्र लिन सक्नेछन् । नियुक्तिपत्र लिन आउने बारेको सूचना यस बैंकको Website: www.rbb.com.np को Notice को Career notice मा समेत राखिएको ब्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बिज्ञापन नं. | तह | पद | सेवा | समूह | नियुक्ति सिफारिस भएको संख्या | नियुक्ति सिफारिस भएको सूचना प्रकाशित भएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ४३।२०७८।७९ | ९ | बरिष्ठ प्रवन्धक | प्रशासन | प्रशासन | २ (खुला १ र महिला १) | २०७९।०६।२९ |
| २ | ४४।२०७८।७९ | ८ | प्रवन्धक | प्रशासन | प्रशासन | ५ (खुला ३, महिला १, र आ.ज. १) | |
| ३ | ४५।२०७८।७९ | ७ | उप प्रवन्धक | प्रशासन | प्रशासन | ६ (खुला ६) | |
| ४ | ४६।२०७८।७९ | ७ | उप प्रवन्धक (लेखा) | प्रशासन | लेखा | १ (खुला) | |

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड